महाभारत गाउँपालिका
बेंबिटार, काभ्रेपलाञ्चोक।

मिति २०८३/०३/२१ गतेको गाउँसभाबाट पारित भएको निर्णयहरु:

- आर्थिक विकास समितिका संयोजक श्री खड्ग बहादुर श्रेष्ठबाट पेश भएको महाभारत गाउँपालिकाको आर्थिक विधेयक, २०८३ तथा सामाजिक विकास समिति संयोजक श्री रमेश कुमार लुङ्गेलीबाट पेश भएको विनियोजन विधेयक २०८३ माथि सभामा दफावार छलफलका लागि सदस्यहरु श्री रेग्मी श्रेष्ठ, श्री विकुलाल थिङ, श्री पूर्ण बहादुर दमाई , श्री सुन्दरी माया तामाङ, रुप बहादुर लो, मकर बहादुर थिङ, महेश मोक्तान लगायतका सदस्यहरुले स्वास्थ्य, शिक्षा, कृषि पूर्वाधार लगायतका क्षेत्रमा विभिन्न विषयहरुको उठान गर्नुभएको थियो ।सदस्यहरूबाट उठाइएका जिज्ञासाको जवाफ विधेयक प्रस्तुत कर्ताहरुको तर्फबाट श्री सागर मोक्तानज्यूबाट दिईसकेपश्चात उल्लेखित विधेयकहरुलाई सभाबाट पारित गरियो।
- तपशिलका गाउँ सभाका समिति सदस्यहरूको हेरफेर सम्बन्धी प्रस्तावलाई सभामा प्रस्तुत गरी अनुमोदन गरियो ।

क. लेखा समिति

| | |
|---|---|
| १. वाङठिल गोले | संयोजक |
| २. मकर बहादुर थिङ | सदस्य |
| ३. पिप्ला माया सार्की | सदस्य |

ख. विधायन समिति

| | |
|---|---|
| १. जित बहादुर योन्जन | संयोजक |
| २. महेश मोक्तान | सदस्य |
| ३. दुर्गा माया परियार | सदस्य |

ग. विकास तथा सुशासन समिति

| | |
|---|---|
| १. बुद्दिलाल जिम्बा | संयोजक |
| २. कुमार सिं मोक्तान | सदस्य |
| ३. ठगुमाया घलान | सदस्य |

CamScanner

महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदीटार, काभ्रेपलाञ्चोक
बागमती प्रदेश नेपाल

- लेखा समितिको संयोजक श्री टंक बहादुर आले बाट पेश गरिएको महालेखा परीक्षकको कार्यालयको प्रतिवेदन २०८१।८२ सम्बन्धी लेखा समितिको वार्षिक प्रतिवेदन माथि सभामा छलफल गरी श्री विकुलाल थिङबाट निर्णयार्थ पेश भई प्रतिवेदन पारित गरियो।
- विधायन समितिको संयोजक श्री विजय राना मगर बाट प्रस्तुत महाभारत गाउँपालिकाको आ व २०८२।८३ को विधायन समितिको वार्षिक प्रतिवेदन माथि सभामा छलफल गरी श्री महेश मोक्तानबाट निर्णयार्थ  पेश भई प्रतिवेदन पारित गरियो।
- सभाको विकास तथा सुशासन समितिको संयोजक श्री विजय राना मगर बाट पेश भएको यस पालिकाको  विकास तथा सुशासन समितिको वार्षिक प्रतिवेदन सहितको प्रस्ताव सभामा छलफल गरी श्री कुमार सिं मोक्तानबाट निर्णयार्थ पेश गरी प्रतिवेदन पारित गरियो।
- यस आ व मा पालिकाको सेवा प्रवाह तथा विकासलाई चुस्त दुरुस्त बनाउ विभिन्न विषयमा निर्णय गरी जनमुखी तथा जवाफदेही शासन सञ्चालन गर्न विभिन मितिमा कार्यपालिकाबाट भएका निर्णयहरु अनुमोदन सम्बन्धी प्रस्ताव यस सभाका सदस्य श्री कान्छामान जिम्बा ज्यूबाट सभामा भई सभाबाट अनुमोदन गरियो।
- सभाका सदस्य श्री विशाल मोक्तान ज्यूबाट पेश भएको महाभारत गाउँपालिकाको मध्यमकालीन खर्च संरचना २०८३/८४-२०८५/८६ सम्बन्धी प्रस्ताव माथि छलफल पश्चात उपाध्यक्ष श्री सागर मोक्तानबाट निर्णयार्थ पेश भई सभाबाट पारित गरियो।
- १९ औ गाउँसभा अधिवेशन (बजेट अधिवेशन )को कार्यसूचीमा समावेश सम्पूर्ण विषयहरूमाथिको कारवाही सम्पन्न भए पश्चात सभाध्यक्षज्यूले गाउँसभाको अधिवेशनलाई सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्ण सभाका सदस्यहरु कर्मचारीहरु तथा सुरक्षा निकायका पदाधिकारीहरुलाई  विशेष धन्यवाद ज्ञापन गर्दै सभाको विधिवत् रुपमा अधिवेशन अन्त्य गर्नुभयो ।

CamScanner